# किसान परिचय पत्र वितरण कार्यविधि, २०७९

आन्तरिक मामिला तथा
बागमती प्रदेश

बागमती प्रदेश सरकार

## आन्तरिक मामिला तथा कानून मन्त्रालय

हेटौंडा, नेपाल

# किसान परिचय पत्र वितरण कार्यविधि, २०७९

**<u>प्रदेश राजपत्रमा प्रकाशित मिति</u>**

२०७९।०९।११

**<u>प्रस्तावना</u>**ः प्रदेशभित्र रहेका किसानहरुलाई व्यावसायिकताको आधारमा वर्गीकरण गरी किसान परिचय पत्र वितरण गर्न वाञ्छनीय भएकोले प्रदेश कृषि विकास अध्यादेश, २०७९ को दफा ३० ले दिएको अधिकार प्रयोग गरी मन्त्रालयबाट यो कार्यविधि स्वीकृत गरी लागू गरिएको छ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

## परिच्छेद- १
## प्रारम्भिक

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यस कार्यविधिको नाम "किसान परिचय पत्र वितरण कार्यविधि, २०७९" रहेको छ।

(२) यो कार्यविधि प्रदेश राजपत्रमा प्रकाशन भएको मितिबाट प्रारम्भ हुनेछ।

२. **<u>परिभाषा</u>**ः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "किसान" भन्नाले कृषिलाई मुख्य पेशा वा व्यावसाय बनाई त्यसबाट नै आफ्नो जीविकोपार्जन गर्ने नागरिक सम्झनु पर्छ र सो शब्दले त्यस्तो नागरिकमा आश्रित परिवारका सदस्य वा वर्षको छ महिना वा सोभन्दा बढी अवधि कृषि कार्यमा श्रम गर्ने नागरिक समेतलाई सम्झनु पर्छ।

(ख) "किसान परिचय पत्र" भन्नाले अनुसूची- ४ बमोजिमको ढाँचामा किसानलाई प्रदान गरिने परिचय पत्र सम्झनु पर्छ।

(ग) "कृषि पेशा" भन्नाले कृषि, पशुपन्छी तथा मत्स्यजन्य वस्तुहरुको उत्पादन कार्यसँग सम्बन्धित पेशा सम्झनु पर्छ।

(घ) "वर्गीकरण" भन्नाले दफा ३ बमोजिमको वर्गीकरण सम्झनु पर्छ।

(ङ) "प्रदेश" भन्नाले बागमती प्रदेश सम्झनु पर्छ।

(च) "मन्त्रालय" भन्नाले प्रदेशको कृषि तथा पशुपन्छी विकास मन्त्रालय सम्झनु पर्छ।

(छ) "निर्देशनालय" भन्नाले कृषि विकास निर्देशनालय र पशुपन्छी तथा मत्स्य विकास निर्देशनालयलाई सम्झनु पर्छ।

(ज) "विज्ञ केन्द्र" भन्नाले भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रलाई सम्झनु पर्छ।

(झ) "स्थानीय तह" भन्नाले प्रदेश भित्रका गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका र महानगरपालिका सम्झनु पर्छ।

(ञ) "ज्ञान केन्द्र" भन्नाले कृषि ज्ञान केन्द्रलाई सम्झनु पर्छ।

## परिच्छेद- २

## किसानको वर्गीकरण र परिचय पत्र वितरण प्रक्रिया

३. **किसानको वर्गीकरण**: किसानलाई फार्मको आकार र उत्पादन क्षमताको आधारमा तीन वटा वर्ग (व्यावसायिक, अर्धव्यावसायिक र निर्वाहमुखी) मा वर्गीकरण गरिनेछ। वर्गीकरणको मापदण्ड अनुसूची- १ र अनुसूची- २ मा उल्लेख भए बमोजिम हुनेछ।

४. **निवेदन संकलन प्रक्रियाः** (१) मन्त्रालयले किसानहरुलाई परिचय पत्र लिने कार्यमा सहभागी हुन सूचना आव्हान गर्नेछ।

(२) मन्त्रालयले तीन महिने अभियान सञ्चालन गरि किसान परिचय पत्र वितरण कार्यको सुरुवात गर्नेछ। तत् पश्चात ज्ञान केन्द्र र विज्ञ केन्द्रले निरन्तर रूपमा किसान परिचय पत्र वितरणको कार्य गर्नेछ।

(३) किसानले सम्बन्धित जिल्लाको ज्ञान केन्द्र वा विज्ञ केन्द्रमा अनुसूची- ३ बमोजिमको फाराम २ प्रति भरी अनुसूची- ४ बमोजिमको निवेदन सहितको विवरण पेश गर्नुपर्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

५. **<u>दर्ता प्रक्रिया</u>**ः किसानहरुले पेश गरेका विवरणलाई अध्ययन गरी मापदण्ड पुरा गरेका किसानहरुको हकमा ज्ञान केन्द्र वा विज्ञ केन्द्रले दर्ता गर्नुपर्नेछ।

६. **<u>वितरण प्रक्रिया</u>**ः (१) दफा ५ बमोजिम दर्ता भएका किसानहरुलाई अनुसूची- ५ बमोजिमको ढाँचामा ज्ञान केन्द्र वा विज्ञ केन्द्रले किसान परिचय पत्र उपलब्ध गराउनेछ।

(२) किसान परिचय पत्र प्राप्त गर्ने अर्ध व्यावसायिक र व्यावसायिक किसानहरुले परिचय पत्र जारी भएको छ महिनाभित्रमा अनिवार्य कृषि बीमा गर्नुपर्नेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि यो कार्यविधि जारी भईसकेपछि कृषि पेशामा आवद्ध भएका किसानको हकमा परिचय पत्र लिनको लागि कृषि बीमा गरेको प्रमाण अनिवार्य पेश गर्नुपर्नेछ।

७. **<u>परिचय पत्र अद्यावधिक तथा नवीकरण</u>**ः किसान परिचय पत्र जारी भएको मितिले प्रत्येक २ वर्षको म्याद समाप्त भएपश्चात तीन महिना भित्रमा किसानले अनुसूची- ३ बमोजिमको विवरण अद्यावधिक गरी किसान परिचय पत्र नवीकरण गर्नुपर्नेछ। किसानले आफुले चाहेका बखतमा समेत विवरण अध्यावधिक गर्न सक्नेछन।

८. **<u>किसान परिचय पत्रको रङ्गको किसिम</u>**ः दफा ३ बमोजिमको मापदण्डको आधारमा किसानहरुलाई अनुसूची- ६ बमोजिमको रङ्ग भएको परिचय पत्र वितरण गरिनेछ।

## परिच्छेद- ३

## <u>विविध</u>

९. **<u>दर्ता तथा अद्यावधिक गर्ने शुल्क सम्बन्धी व्यवस्थाः</u>** (१) यस कार्यविधि बमोजिम सम्बन्धित ज्ञान केन्द्र तथा विज्ञ केन्द्रमा किसानको विवरण दर्ता तथा अद्यावधिक गर्दा किसानले कुनै शुल्क तिर्नुपर्ने छैन।

आन्तरिक मामिला तथा कानून मन्त्रालय बागमती प्रदेश

(२) मन्त्रालयले किसान परिचय पत्र वितरणसँग सम्बन्धित अभियान सञ्चालन, परिचय पत्र नवीकरण कार्यको लागि बजेटको व्यवस्थापन गर्नेछ।

१०. **अभिलेख राख्ने जिम्मेवारी:** यस कार्यविधि बमोजिम किसान वर्गको विवरण तथा परिचय पत्रको अभिलेख सफ्टवेयर प्रणाली मार्फत राखिनेछ।

११. **परिचय पत्र खारेजको व्यवस्था**ः किसानहरुले झुटा विवरण पेश गरी किसान परिचय पत्र लिईएको पाईएमा परिचय पत्र खारेज गरिनेछ। यस परिचय पत्रको आधारमा प्राप्त सेवा सुविधाहरुको समेत प्रचलित कानून बमोजिम असुल उपर गरिनेछ।

१२. **अनुगमनः** यस कार्यक्रमको अनुगमन र मूल्याङ्कन सम्बन्धित स्थानीय तह, निर्देशनालय र मन्त्रालयले गर्नेछ।

१३. **बाधा अड्काउ फुकाउने**ः यस कार्यविधि कार्यान्वयनमा कुनै समस्या आएमा सो को निरुपण मन्त्रालयले गर्नेछ।

१४. **अनुसूचीमा हेरफेर**ः मन्त्रालयले आवश्यक परेमा अनुसूचीहरुमा हेरफेर गर्नेछ।

१५. **संशोधन**ः यस कार्यविधिको संशोधन मन्त्रालयले गर्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

# अनुसूची- १

(दफा ३ सँग सम्बन्धित)

## किसान वर्गीकरणको मापदण्ड (कृषि सँग सम्बन्धित व्यावसाय)

| क्र.स. | किसानको वर्ग | बालीको क्षेत्रफल | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | खाद्यान्न बाली | फलफुल | तरकारी/आलु | दलहन/तेलहन | पुष्प | मसलाबाली | संरक्षित संरचना | मौरी घार संख्या | रेशम कोया उत्पादन (वार्षिक के.जि) | च्याउ उत्पादन (वार्षिक के.जी) |
| १ | निर्वाहमुखी | १० कठ्ठा (०.३३ हेक्टर) भन्दा कम | १० कठ्ठा (०.३३ हेक्टर) भन्दा कम | १० कठ्ठा (०.३३ हेक्टर) भन्दा कम | १० कठ्ठा (०.३३ हेक्टर) भन्दा कम | - | ५ कठ्ठा (०.१६ हेक्टर) भन्दा कम | - | ५ वटा सम्म | ५०० के.जि. भन्दा कम | अधिकतम २०० के.जि सम्म |
| २ | अर्ध व्यावसायिक | १० कठ्ठा देखि ३० कठ्ठा (०.३३ देखि १ हेक्टर) भन्दा कम | १० कठ्ठा देखि ३० कठ्ठा (०.३३ देखि १ हेक्टर) भन्दा कम | १० कठ्ठा देखि ३० कठ्ठा (०.३३ देखि १ हेक्टर) भन्दा कम | १० कठ्ठा देखि ३० कठ्ठा (०.३३ देखि १ हेक्टर) भन्दा कम | १ कठ्ठा सम्म | ५ कठ्ठा देखि १५ कठ्ठा (०.१६ देखि ०.५ हेक्टर) भन्दा कम | ३०० वर्ग मिटर भन्दा कम | ६ देखि २५ | ५००-१००० के.जि. सम्म | २०० के.जि. देखि १००० सम्म |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

| क्र.स. | किसानको वर्ग | बालीको क्षेत्रफल | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | खाद्यान्न बाली | फलफुल | तरकारी/आलु | दलहन/तेलहन | पुष्प | मसलाबाली | संरक्षित संरचना | मौरी घार संख्या | रेशम कोया उत्पादन (वार्षिक के.जि) | च्याउ उत्पादन (वार्षिक के.जी) |
| ३ | व्यावसायिक | ३० कठ्ठा (१ हेक्टर) भन्दा माथि | ३० कठ्ठा (१ हेक्टर) भन्दा माथि | ३० कठ्ठा (१ हेक्टर) भन्दा माथि | ३० कठ्ठा (१ हेक्टर) भन्दा माथि | १ कठ्ठा भन्दा माथि | १५ कठ्ठा (०.५ हेक्टर) भन्दा माथि | ३०० वर्ग मिटर भन्दा माथि | २६ भन्दा माथि | १००० के.जि. भन्दा माथि | १००० भन्दा माथि |

नोटः

१. प्राङ्गारिक खेती गरि प्रमाणिकरण प्राप्त गरिरहेका सबै किसान व्यावसायिक किसान हुनेछन।

२. प्रचलित कानून बमोजिम दर्ता भई निर्वाहमुखी किसानको मापदण्ड पुरा गरेका सम्पूर्ण किसान अर्ध व्यावसायिक हुनेछन्।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

## अनुसूची- २

(दफा ३ सँग सम्बन्धित)

**किसान वर्गीकरणको मापदण्ड (पशुपन्छी तथा मत्स्यसँग सम्बन्धित व्यावसाय)**

| क्र.स. | किसानको वर्ग | पशुपन्छी संख्या/माछाको क्षेत्रफल | | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | गाई/भैसि | बाख्रा/भेडा | बुंगुर | कुखुरा (ब्रोईलर) | कुखुरा (लेयर्स) | टर्की/हास/कालिज | मत्स्य क्षेत्रफल (हे) | |
| १ | निर्वाहमुखी | अधिकतम २ वटा | १५ वटा सम्म | १० वटा सम्म | २०० वटा सम्म | १००० सम्म | ५० वटा सम्म | ०.५ भन्दा कम | |
| २ | अर्ध व्यावसायिक | ३ देखि १० वटा सम्म | १६ देखि ५० सम्म | ११-२५ सम्म | २०१-२००० सम्म | १००१-५००० सम्म | ५१-२०० सम्म | ०.५-१ हेक्टर भन्दा कम | |
| ३ | व्यावसायिक | ११ भन्दा माथि | ५१ भन्दा माथि | २६ भन्दा माथि | २००१ भन्दा माथि | ५००१ भन्दा माथि | २०१ भन्दा माथि | १ हेक्टर भन्दा माथि | |

नोटः

१. ह्याचरी स्थापना गर्ने सबै किसान व्यावसायिक हुनेछन।

२. गाई, भैसि, भेडा, बाख्रा र बंगुर बयश्क संख्याको आधारमा गरिनेछ।

३. प्रचलित कानून बमोजिम दर्ता भई निर्वाहमुखी किसानको मापदण्ड पुरा गरेका सम्पूर्ण किसान अर्ध व्यावसायिक हुनेछन्।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

## अनुसूची- ३

(दफा ४ को उपदफा (३) सँग सम्बन्धित)

**<u>दर्ता तथा नवीकरण फारम</u>**

फोटो

किसान परिचय पत्र नं.:

नामः

ठेगानाः जिल्लाः पालिकाः वडाः टोलः

मुख्य पेशाः सम्पर्क नम्बरः

नागरिकता नम्बर र जिल्लाः

बैक खाता भएको बैक र ठेगानाः

बैक खाता नम्बरः

| परिवार संख्या | १८ वर्ष मुनिका | १८ देखि ४५ वर्ष | ४६ देखि ६० सम्म | ६० भन्दा माथि | अपाङ्ग। अशक्त |
|---|---|---|---|---|---|
| महिला | | | | | |
| पुरुष | | | | | |

खेतीमा संलग्न परिवार संख्याः पूर्ण रोजगारः

आंशिक रोजगार संख्या

व्यवसायीक विवरणः

| क्र.स. | व्यावसाय, बाली पशुपन्छी, अन्य | क्षेत्रफल वा संख्या | उत्पादन परिमाण | उत्पादन मुल्य | सञ्चालनमा आएको मिति |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |

आवश्यक रसायनिक मलको परिमाण (खेती गर्नेको हकमा)

जम्मा वार्षिक लगानी रु. वार्षिक कारोवार रु.

सरदर मासिक आम्दानी(रु.) पारिवारिक मासिक खर्चः

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

व्यावसाय सञ्चालनको वर्ष

| क्र.स. | व्यावसाय | रोजगार संख्या | वार्षिक आम्दानी | कैफियत |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |

आगामी योजनाहरुः

१.

२.

प्रस्तुत गरिएका सबै विवरण सत्य हुन, झुठा ठहरीएमा कानून बमोजिम सहुँला,बुझाउँला। कृषि पेशा छाडेको १ महिना भित्र सम्बन्धित ज्ञान केन्द्र/विज्ञ केन्द्रमा जानकारी गराउने छु।

किसान परिचय पत्रको लागि पेश गर्ने किसानको

नामः

सहिः

**<u>कार्यालय प्रयोजनका लागि.........................................................</u>**

| **ज्ञान केन्द्र/विज्ञको तर्फवाट** | **ज्ञान केन्द्र/विज्ञको तर्फवाट** |
|---|---|
| सिफारिस गर्नेको सहीः | प्रमाणित गर्नेको सहिः |
| नामः | नाम |
| पदः | पदः |
| मितिः | मितिः |
| | छापः |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

**अनुसूची- ४**

(दफा ४ को उपदफा (३) सँग सम्बन्धित)

**<u>निवेदनको ढाँचा</u>**

टिकट

**मितिः**

श्री प्रमुखज्यू,

ज्ञान केन्द्र/विज्ञ केन्द्र,

..........................।

विषयः किसान परिचय पत्र सम्बन्धमा।

प्रस्तुत विषयमा "किसान परिचय पत्र वितरण कार्यविधि, २०७९” बमोजिम किसान परिचय पत्र प्राप्त गर्नको लागि अनुसूची- ३ बमोजिमको विवरण भरी देहायका कागजात यसैसाथ संलग्न राखी यो निवेदन पेश गरेको छु।

निवेदकको सहीः

निवेदकको नामः

निवेदकको ठेगानाः

सम्पर्क नं.:

<u>संलग्न कागजात</u>:

१. अनुसूची- ३ बमोजिमको विवरण फारम
२. नागरिकताको प्रतिलिपि
३. व्यावसाय दर्ता प्रमाणपत्रको प्रतिलिपि (भएमा)
४. PAN/VAT प्रमाणपत्रको प्रतिलिपि (भएमा)
५. किसान समूह सहकारीसँग आवद्ध भएको भए सो को प्रमाणपत्रको प्रतिलिपि
६. अन्य

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

**अनुसूची- ५**

(दफा ६ को उपदफा (१) सँग सम्बन्धित)

**किसान परिचय पत्रको ढाँचा**

बागमती प्रदेश सरकार

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

**किसान परिचय पत्र**

किसान परिचय पत्र नं.:

नामः

ठेगानाः जिल्लाः पालिकाः वडाः टोलः

किसानको मुख्य व्यावसायः

वर्गः

जारी मितिः

अन्तिम मितिः

सम्पर्क नम्बरः

नागरिकता नम्बर र जिल्लाः

राष्ट्रिय परिचय पत्र नं.:

| किसानको सही | जारी गर्ने अधिकारीको सही |
|---|---|

**किसान परिचयपत्र उल्लेखित वर्गको विस्तृतिकरण**

क- निर्वाहमुखी किसान

ख- अर्धव्यावसायिक किसान

ग- व्यावसायिक किसान

यो परिचय पत्र कसैले पाएमा सम्बन्धित कार्यालय, मन्त्रालय, जिल्ला प्रशासन कार्यालय वा नजिकको प्रहरी कार्यालयमा बुझाईदिनुहोला।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

## अनुसूची- ६

(दफा ८ सँग सम्बन्धित)

**किसान परिचय पत्रको रङ्गको किसिम**

| क्र.स. | किसानको वर्ग | किसान परिचय पत्रको रङ्ग |
|---|---|---|
| १ | निर्वाहमुखी | रातो |
| २ | अर्ध व्यावसायिक | पहेलो |
| ३ | व्यावसायिक | हरियो |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश